# अपानिले चर्कायो असन्तुष्टि

## एकीकृत समाजवादीले बिहीबारका लागि बोलायो सचिवालय बैठक

**काठमाडौं**/ अन्तरपार्टी निर्देशन (अपानि)ले पार्टीभित्र हल्लीखल्ली मच्चाएपछि एकीकृत समाजवादीले सचिवालय बैठक बोलाएको छ। छलफलविनै अपानि जारी गरिएको भन्दै शीर्ष नेतृत्वबाटै आलोचना भएको छ भने तल्लो तहका नेता तथा कार्यकर्ताले पार्टी छाडेको र निष्क्रिय भएको घोषणा सामाजिक सञ्जालबाटै गर्न थालेपछि सचिवालय बैठक बोलाइएको छ।

आगामी बिहीबार बस्ने गरी सचिवालय बैठक बोलाइएको एकीकृत समाजवादीले जनाएको छ। गत ५ देखि ७ भदौमा बसेको केन्द्रीय कमिटी बैठकको निर्णय भन्दै गत बिहीबार अध्यक्ष माधवकुमार नेपालले अपानि जारी गरेका थिए। अपानिमार्फत नेताहरूको जिम्मेवारी हेरफेर र २१ जनालाई केन्द्रीय सदस्यमा मनोनित गरिएको थियो। केन्द्रीय परिषद सदस्य र विभागको सदस्यमा समेत मनोनीत गरिएको थियो। सम्मानित नेता झलनाथ खनालले अपानि आपत्तिजनक भन्दै सार्वजनिक रूपमै आलोचना गरेका छन्। उनले सल्लाहविनै जारी भएको अपानि फिर्ता लिन अध्यक्ष नेपाललाई चेतावनी नै दिएका छन्।

सचिव रामकुमारी झाँक्रीले प्रवास संयोजनको जिम्मा अस्वीकार गरेकी छिन्। यसअघि प्रदेश संयोजनको जिम्मेवारी पाएका श्रीप्रसाद साहले पनि जिम्मेवारी खुम्च्याएको भन्दै असन्तुष्टि जनाएका छन्। कृषिमन्त्री डा. बेदुराम भुसाललाई संगठन विभाग प्रमुख र भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालालाई संगठन विभाग उपप्रमुख बनाइएको छ। ज्वालाले कर्णाली प्रदेशको इन्चार्जको समेत जिम्मेवारी पाएका छन्। महासचिव घनश्याम भुसाललाई अनुगमनमा सीमित पारिएको छ। यसअघि महासचिव हुँदा पनि बेदुराम नै संगठन विभाग प्रमुख थिए।

> पदाधिकारीको कार्यविभाजनमा समेत पक्षपात भएको भन्दै नेताहरू असन्तुष्ट

अध्यक्ष नेपालकै सचिवालयसमेत अपानिबारे सन्तुष्ट छैन। नेपालका स्वकीय सचिवसमेत रहेका केन्द्रीय सदस्य मोहन गौतमले अपानिमा उल्लेख भएका मनोनयन र जिम्मेवारी हेरफेरलाई लिएर भएको असन्तुष्टि, विरोध, विधि र मापदण्डप्रतिका कतिपय प्रश्न शतप्रतिशत सही रहेको बताएका छन्। केन्द्रीय सदस्य राजु गुरुङले कार्यविभाजनप्रति असन्तुष्टि जनाउँदै स्वतन्त्र रूपमा अगाडि बढ्ने घोषणा गरेका छन्। गण्डकी प्रदेशका सांसद दीपक मनाङेले पनि राष्ट्रिय परिषद् सदस्य अस्वीकार गरेका छन्। युवा संघका निवर्तमान महासचिव दीपक जिएमले ओली प्रवृत्ति स्वीकार्य नहुने चेतावनी दिएका छन्। अर्की नेतृ सावित्री मल्लले पनि दैलेख सहइन्चार्जको जिम्मेवारी अस्वीकार गरेकी छिन्। मापदण्डविना इन्चार्जबाट घटाएर सहइन्चार्ज बनाएको उनको गुनासो छ।

पूर्वविद्यार्थी नेता ओसिम आलमले पार्टीमा सक्रिय भइरहनुको औचित्य नभएको बताएका छन्। उनी अनेरास्ववियुको वरिष्ठ उपाध्यक्षबाट केही दिनअघि बिदा भएका थिए। महिला र युवाको प्रतिनिधित्व कम भएको भन्दै असन्तुष्टि चुलिएको छ।


---

■ एमालेलाई चीनको सन्देश

# सम्बन्धको प्रमुख आधार राष्ट्रिय एकता र स्वाधीनताको अडान

● **एमालेप्रति चीनको धारणा**

जसरी एमाले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान पक्षमा उभिएको छ, हाम्रो सुदृढ सम्बन्धको प्रमुख आधार र जग यही हो। हामी यही चाहन्छौँ। यसमा एमाले अध्यक्ष क. केपी शर्मा ओलीको विचार देशभक्तिपूर्ण पाएका छौँ।



**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

छिमेकी मुलुक चीनले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानका पक्षमा राख्ने अडानलाई एमालेसँगको सम्बन्धको प्रमुख आधार बनाउने सन्देश दिएको छ। चीन भ्रमणमा गएको महासचिव शंकर पोखरेल नेतृत्वको उच्चस्तरीय प्रतिनिधिमण्डललाई चीनले एमालेसँगको सम्बन्ध बलियो बनाउँदै नयाँ उचाइमा पुऱ्याउन चाहेको सन्देश दिएको हो। महासचिव पोखरेल पार्टी उपाध्यक्ष तथा संविधानसभा अध्यक्ष सुवास नेम्वाङको निधनका कारण भ्रमण छोट्याएर २७ भदौमा स्वदेश फर्किएका थिए। पोखरेलबाहेक प्रतिनिधिमण्डलका सदस्य २९ भदौमा फर्किएका थिए।

'नेकपा (एमाले)ले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्न लिएको अडानको हामी प्रशंसक हौँ। चीन सरकार र चिनियाँ कम्युनिस्ट पार्टी नेकपा (एमाले)लाई चीनको पक्षमा मात्रै उभिनुहोस् कहिल्यै भन्दैनौँ, त्यो हाम्रो चाहना पनि होइन,' चीनले दिएको सन्देश उल्लेख गर्दै एमाले प्रतिनिधिमण्डलका तर्फबाट जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'तपाईंहरू आज जसरी नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान पक्षमा उभिनुभएको छ। हाम्रो सुदृढ सम्बन्धको प्रमुख आधार र जग यही हो। हामी यही चाहन्छौँ। यसमा एमालेका अध्यक्ष क. केपी शर्मा ओलीको विचार देशभक्तिपूर्ण पाएका छौँ।' चीनले राष्ट्रियताको सवालमा ओलीले राखेको विचारको प्रशंसा गरेको पनि विज्ञप्तिमा उल्लेख छ।


संगठन र विचारका हिसाबले एमाले सबैभन्दा व्यवस्थित पार्टीका रूपमा पाएकाले सम्बन्धलाई अझ नयाँ उचाइमा लैजान चाहेको विषयलाई चीनले खुला रूपमा प्रकट गरेको भ्रमण टोलीका सदस्य तथा केन्द्रीय प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले बताए। चिनियाँ पक्षले नेपालको समृद्धिमा लाओसलाई जस्तै सहयोग गर्ने चाहना व्यक्त गर्दै एमालेको नेतृत्वमा स्थायी र बलियो सरकारका लागि शुभेच्छा व्यक्त गरेको पनि विज्ञप्तिमा जनाइएको छ।

'नेपालजस्तै भूपरिवेष्टित लाओस आज समृद्धिको बाटोमा छ। लाओस समृद्धिमा चीनले 'कनेक्टिभिटी'मा गरेको सहयोग महत्त्वपूर्ण छ। हामी नेपाललाई पनि इमानदारपूर्ण सहयोग गर्न चाहन्छौँ। त्यसका लागि स्थायी र बलियो सरकार जरुरी छ। यसमा नेकपा (एमाले) सफल रहोस्, हाम्रो शुभेच्छा छ,' विज्ञप्तिमा भनिएको छ। त्यस्तै, बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) मार्फत नेपालले आफ्नो विकास र समृद्धिको यात्रामा लाभ लिन ढिला नगर्न सुझाव दिँदै चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरूले चीनले आफ्नो आधुनिकीकरणका क्रममा गरेका आर्जन गरेका अनुभव, ज्ञान, प्रविधि, जनशक्ति र सीपले नेपालको विकासमा धेरै ठूलो सहयोग हुने विश्वाससहित एमालेसँग गहिरो, सुदृढ र इमानदार सम्बन्ध चाहेको धारणा राखेका थिए।

भ्रमणलाई चिनियाँ कम्युनिस्ट पार्टीले उच्च महत्त्व दिएको भ्रमण टोलीका सदस्य प्रेस चौतारी नेपालका उपाध्यक्ष राजेश राईले बताए। चीनले पर्यावरणीय हिसाबले विश्वको नमुना सहरका रूपमा विकास गरिरहेको छिङहाई प्रान्तको राजधानी सिनिङमा चिनियाँ कम्युनिस्ट पार्टीले आयोजना गरेको 'चिनियाँ आधुनिकीकरण : मानवता र प्रकृतिबीचको सद्भाव' विषयक ३० देशका प्रतिनिधि सहभागी अन्तर्राष्ट्रिय सेमिनारमा महासचिव पोखरेललाई प्रमुख वक्ता बनाएको थियो। त्यसक्रममा पोखरेलले विदेश विभाग प्रमुख लिउ जियनचाओलगायत राष्ट्रपति सी जिनपिङनिकट नेताहरूसँग अलग-अलग भेटवार्ता गरेका थिए।

● **चीन सम्बन्धलाई नयाँ उचाइमा लैजान चाहन्छ**

**राजेन्द्र गौतम**, केन्द्रीय प्रचार विभाग प्रमुख



संगठन र विचारका हिसाबले एमाले सबैभन्दा व्यवस्थित पार्टीका रूपमा पाएकाले चीनले एमालेसँगको सम्बन्धलाई अझ नयाँ उचाइमा लैजान चाहेको छ। चिनियाँ पक्षले नेपालको समृद्धिमा लाओसलाई जस्तै सहयोग गर्न चाहेको छ। एमालेको नेतृत्वमा स्थायी र बलियो सरकारका लागि शुभेच्छा पनि व्यक्त गरेको छ।

---


### स्थानीय सरकार
## कैलाश गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
वागमती प्रदेश, नेपाल

**गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन गरी पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/०६/०१**

कैलाश गाउँपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं अन्य विशिष्ट पहिचान झल्कने गरी प्रतिस्पर्धात्मक विधिबाट गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने भनी मिति २०८०/०५/२९ को गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भएकोले गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन गर्न ईच्छुक व्यक्ति तथा डिजाइनकर्ताहरुले तपसिलका शर्तहरुको पालना गर्दै सूचना प्रकाशित मितिले १५ दिनभित्र अर्थात सम्वत् २०८०/०६/१५ गते सम्म गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु:**

१. प्रतिक चिन्हमा समावेश हुनुपर्ने अनिवार्य तत्वहरु: गाउँपालिकाको नाम, नेपालको झण्डा, गाउँपालिकाको आदर्श वाक्य "स्वच्छ, शिक्षित एवं सम्वृद्ध कैलाश; कृषि, पर्यटन र पूर्वाधारको योजनावद्ध विकास" अनिवार्य समावेश हुनु पर्दछ।
२. प्रतिक चिन्हमा गाउँपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्कने हुनुपर्दछ।
३. कुनै जातीय विभेद र सम्प्रदायलाई प्रशय हुने खालको साङ्केतीकरण भएको हुनुनहुने।
४. राष्ट्रको सार्वभौमिकता राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग नभएको हुनुपर्नेछ।
५. प्रतिक चिन्हमा समावेश भएको प्रत्येक संकेतहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ।
६. पेश भएको प्रतिक चिन्हको डिजाइन उपर गाउँपालिकाले मूल्याङ्कन गर्दा केही सुझाव आएमा सो समेत समावेश गरी परिमार्जित डिजाइन स्वीकृत गर्न सक्नेछ।
७. प्रतिक चिन्हको डिजाइन स्वीकृत गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ र स्वीकृत प्रतिक चिन्हको सर्वाधिकार गाउँपालिकाको हुनेछ।
८. यस गाउँपालिकाबाट स्वीकृत भएको प्रतिक चिन्ह डिजाइनकर्ताले अन्यत्र प्रयोग गर्न पाउने छैन।
९. प्रतिक चिन्ह स्वीकृत भएको डिजाइनकर्तालाई पुरस्कार स्वरुप रु. ४०,०००/- (अक्षरमा- चालिस हजार मात्र) र सम्मानपत्र प्रदान गरिनेछ।
१०. डिजाइनकर्ताले प्रस्तावित प्रतिक चिन्ह तोकिएको समयावधी भित्र इमेल मार्फत E-copy समेत पेश गर्न सक्नेछ।
११. प्रतिक चिन्ह कम्तिमा ३०० dpi Resolution भएको JPEG Format मा हुनुपर्नेछ।
१२. प्रतिक चिन्ह पेश गर्दा डिजाइनकर्ताले अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, अनुभव तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
१३. प्रतिक चिन्ह डिजाइन गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


---


नेपाल सरकार
### कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

**गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा उन्नत बीउको प्रयोगमा मूल्य अनुदानका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति विवरण पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८० असोज १ गते सोमबार)**

संघ, प्रदेश तथा स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउ विजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम चालु आर्थिक वर्ष २०८०/८१** मा सङ्घीय शसर्त बजेट मार्फत् कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) बाट संचालन हुने **गहुँको** उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान कार्यक्रम एवम् कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु मार्फत् संचालन हुने उन्नत बीउ प्रयोगकर्ता कृषकहरुलाई गहुँको उन्नत बीउमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.sqcc.gov.np वेबसाइट मार्फत् वा www.sqcc.gov.np मा गई कार्यक्रम/प्रणाली (Program/System) अन्तरगत राखिएको बीउ व्यवस्थापन प्रणाली (Seed Subsidy Management System- DESES) मा गई देहाय बमोजिमका शर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अपलोड गरी अनलाइन रजिष्ट्रेसन भई (यस अघि रजिष्ट्रेसन भएकाले पुन: रजिष्ट्रेसन गर्न नपर्ने, सोझै लग इन गर्न सक्ने ) उन्नत बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान** सम्भागमा **गहुँको उन्नत बीउ आपूर्ति विवरण** तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरुबाट गहुँको उन्नत बीउको माग संकलन गरी सङ्घीय शसर्त बजेटबाट ५० प्रतिशत मूल्य अनुदान उपलब्ध गराउन सकिने गहुँको उन्नत बीउको वास्तविक परीमाण मात्र **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान** सम्भागमा गई **माग विवरण** प्रविष्ट गर्नुहुन सूचित गरिन्छ।

**शर्त/बन्देज तथा समय सिमा**

१. उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा मूल्य अनुदान उपलब्ध हुने गहुँका जात/मूल्य/प्रोत्साहन अनुदान देहाय बमोजिम हुनेछ:

| क्र स | कार्यक्रम | जात | उन्नत बीउको मूल्य (रु प्रति के.जी.) | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान (रु प्रति के.जी) | उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु प्रति के.जी.) |
|---|---|---|---|---|---|
| १ | उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान तथा उन्नत बीउ विजन प्रयोगमा मूल्य अनुदान | विजय, गौतम, वाणगंगा, एन.एल. ९७१, तिलोत्तमा, डब्लु.के. १२०४, बि.एल. ४३४१, आदित्य, जिङ्क गहुँ १, जिङ्क गहुँ २, बोर्लोग २०२०, भृकुटी, स्वर्गद्वारी, धौलागिरी, डाँफे, पासाङ्ल्हामु, मुनाल, मुडुले १, कौटिला, तिला, सुर्मा, भेरीगंगा, हिमगंगा, खुमलशक्ति र अच्युत। | ७० | १२ | यस तालिकामा उल्लेखित मूल्य (रु ७० प्रति के.जी.) मा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५०% |

२. मूल बीउ उत्पादनको अनुमति पत्र नलिएका र मूल वा प्रमाणित बीउ लगाई उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन्।
३. गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवदेन गर्ने उन्नत बीउ उत्पादकले सर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको मूल्य (रु ७० प्रति केजी) मा बीउ प्रशोधन, बीउ उपचार लगायतका बीउ उत्पादनका सबै शर्तहरु पुरा गरी गुणस्तरीय टयागिङ्ग, ब्यागिङ्ग तथा लेवलिङ्ग भएको गहुँको उन्नत बीउ उपलब्ध गराउनु पर्नेछ।
४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रुपमा बीउको आपूर्ति तथा वितरण गर्नुपर्नेछ।
५. **रजिष्ट्रेसन/लग इन प्रारम्भ मिति: २०८० असोज १ गते सोमबार**
६. **रजिष्ट्रेसन/लग इन समाप्त हुने मिति: २०८० आश्विन १५ गते सोमबार**
७. **सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग तथा उन्नत बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मिति: २०८० आश्विन २६ गते शुक्रबार सम्म**
८. अन्य शर्त तथा विस्तृत जानकारीका लागि www.moald.gov.np, www.sqcc.gov.np, www.doanepal.gov.np मा राखिएको **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** हेर्न सकिनेछ।

**थप जानकारीको लागि :** बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुर : ०१-५४२१३५९, ९८४५१२५०९०, ९८४८२४७८६९, कृषि विभाग, हरिहरभवन, ललितपुर : ०१-५४२१३२३, ९८४३७४३९५७ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु।


---


## गजुरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
वागमती प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०/०६/०१**

यस गाउँपालिकाको निम्नानुसार खानेपानी योजना निर्माण कार्य यस आ.ब. २०८०/०८१ मा बोलपत्रद्वारा गर्नु पर्ने भएकोले योग्य, मान्यता प्राप्त तथा सम्बन्धित कार्यमा अनुभवी निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्बकको वोलपत्र आह्वान गरिएको छ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहूने गरी) वुझाएको नगदी रसिद वा यस कार्यालयको खाता नं. १०५०१००३०१०१०००२ मा जम्मा गरेको भौचर, आ.व. ०८०/०८१ को लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र, आ.व.०७९/०८० सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायीले तेकिएको समयभित्र रित पुर्वक e-bidding को माध्यमद्वारा बोलपत्र फारम खरिद गर्न सकिनेछ।
२. खरिद भएका वोलपत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, निर्माण व्यवसायीले सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म e-bidding को माध्यमद्वारा पेश गर्न सकिनेछ र सोहि दिन १२.१५ बजे ठेक्का खोलिने छ।
३. बोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक गजुरी शाखामा रहेको धरौटी खाता नं.१०५०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलबन्दी वोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन म्याद भएको, मान्यता प्राप्त वैंकबाट वैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।
४. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्रोसंग वुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ।
५. वोलपत्रदाताले आफूले कबोल गरेको अंक मुल्य अभिवृद्धि कर वाहेकको हुनु पर्नेछ। मुल्य अभिवृद्धि करको रकम समेत एकमुष्ट भूक्तानी गरिने छ।
६. वोलपत्रदाताको वोलपत्र स्वीकृत भएपछि नियमानुसार हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा योजना सम्पन्न भएको मितिबाट १३ महिना थप समयावधि सम्म मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।
७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
८. वोलपत्रमा आवश्यक कुनै संशोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनुको साथै गा.पा.को web site: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ।
९. प्रचलित ऐन नियम अनूसार लाग्ने सम्पुर्ण करहरु वोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।
१०. सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ। संयुक्त उपकम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ।
१२. वोलपत्र खोल्ने दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा बोलपत्र खोलिनेछ।
१३. यसमा लेखिएको हकमा यसै अनुसार र यस सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ।
१४. वोलपत्र दाताहरुले e-bidding (PPMO को web site: http:/bolpatra.gov.np) को माध्यमबाट मात्र यस प्रक्रियामा भाग लिन सकिने छ।

**कामको विवरण**

| सि. न. | ठेक्का नं. | कामको विवरण | ल.ई रकम (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | GRM/W/NCB-06/080/081 | सानो बाङ्गे ठुलो बाङ्गे खानेपानी आयोजना | ८६,१९,३३८.९५ | २,८०,०००।०० | ३०००।० |

**प्रमुख प्रशासकीय अधिकृत**